आयकर कट्टी पछीको खुद नाफा/(नोक्सान)	३५३,६९१.६८	७२४,३२१.२९	१,५२८,२९२.१०	९,१३७,२२६.३२
गत वर्षको नाफा/(नोक्सान)		१७,२८४,०८८.२९	१५,७५५,७९६.१९	६,६१८,५६९.८८
आयकर कट्टी पछिको खुद नाफा/(नोक्सान) (वित्तीय अवस्थाको विवरणमा सारेको)		१८,००८,४०९.५८	१७,२८४,०८८.२९	१५,७५५,७९६.२०

*आ.व २०७८/७९ को चैत्र मसान्त सम्मको लेखापरिक्षक तथा व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण ।

आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :

वासलात *(रकम रु. मा)*

विवरण	प्रक्षेपित आ.व.२०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१
पूँजी तथा दायित्व			
पूँजी			
शेयर पूँजी	१,०५४,२६०,४००	१,०५४,२६०,४००	१,०५४,२६०,४००
जगेडा तथा संचित नाफा	५५,५१९,३६३	११६,१६९,५२७	१९४,४०५,३८३
जम्मा पूँजी	१,१०९,७७९,७६३	१,१७०,४२९,९२७	१,२४८,६६५,७८३
दायित्व			
मध्यम तथा दिर्घकालीन दायित्व			
बैंक ऋण	१,६१५,२५०,०००	१,५४२,७५०,०००	१,४५९,०००,०००
चालु दायित्व			
आसामी तथा साहुहरु	८५,५७५,५१४	३०,०५१,३३६	९४१,०२२
अन्य प्रावधान	१६,०६२,१०३	४०९,६६१	८५१,६६०
जम्मा दायित्व	१०१,६३७,६१७	३०,४६०,९९७	१,७९२,६८२
जम्मा पूँजी तथा दायित्व	२,८२६,६६७,३७९	२,७४३,६४०,९२५	२,७०९,४५८,४६५
सम्पत्ति			
स्थिर सम्पत्ति			
ग्रस मूल्य	२,६९४,७०६,६८१	२,६७७,३५८,९४९	२,५७३,६७१,१२६
ह्रासकट्टी	१७,३४७,७३२	१०३,६८७,८२३	१०३,६७३,५८९
खुद मूल्य	२,६७७,३५८,९४९	२,५७३,६७१,१२६	२,४६९,९९७,५३७
निर्माणाधिन कार्य	५८,७९३,०५१	५८,७९३,०५१	५८,७९३,०५१
लगानी	-	-	-
चालु सम्पत्ति			
नगद र अन्य मौजदात	१२,०६५,०४५	३३,७४४,०७६	१०१,०७२,५१६
अग्रिम भुक्तानी रकम र पेश्की, सापटी धरौटी	-	-	-
व्यापारिक तथा अन्य प्राप्त हुनु पर्ने रकम	७८,४५०,३३४	७७,४३२,६७१	७९,५९५,३६०
जम्मा चालु सम्पत्ति	९०,५१५,३७९	१११,१७६,७४७	१८०,६६७,८७७
जम्मा सम्पत्ति	२,८२६,६६७,३७९	२,७४३,६४०,९२५	२,७०९,४५८,४६५

नाफा-नोक्सान हिसाब *(रकम रु. मा)*

विवरण	प्रक्षेपित आ.व.२०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१
प्रत्यक्ष आय			
बिजुली बिक्री वापतको आय	७२,०८९,६३०	३५१,९१०,३९४	३६२,४०२,८२५
प्रत्यक्ष खर्च			
सञ्चालन तथा मर्मत लागत	२,७२०,५२४	१६,८८७,७३८	१७,१६३,७६०
रोयल्टी	२,६४१,७९३	८,२३८,२०८	८,४४८,०५७
जम्मा प्रत्यक्ष खर्च	५,३६२,३१६	२५,१२५,९४६	२५,६११,८१७
ग्रस नाफा	६६,७२७,३१४	३२६,७८४,४४८	३३६,७९१,००८
अन्य आय	६३,६०७,०४०	९६५,२०४	२,६९९,५२६
सञ्चालन नाफा	१३०,३३४,३५४	३२७,७४९,६५२	३३९,४९०,५३४
अप्रत्यक्ष खर्च			
प्रशासनिक खर्च	९,९०४,०६५	१८,४६१,८३८	१८,७३४,४८४
शेयर रजिस्ट्रार खर्च	५००,०००	५००,०००	५००,०००
वित्तीय खर्च	३६,३४३,१२५	१४३,०१०,०००	१३६,१४७,५००
ह्रासकट्टी	१७,३४७,७३२	१०३,६८७,८२३	१०३,६७३,५८९
आयकर कट्टी अधिको नाफा	६६,२३९,४३२	६२,०८९,९९०	८०,४३४,९६२
कर्मचारी बोनस	५१,६१६	१,१९८,५२५	१,५२४,२२४
कर प्रावधान	१५,९०१,७६०	२४१,३०१	६७४,८८२
आयकर कट्टी पछिको नाफा	५०,२८६,०५६	६०,६५०,१६४	७८,२३५,८५६
गत वर्षको नाफा-नोक्सानी	१८,००८,४१०	६८,२९४,४६६	१२८,९४४,६३०
वासलातमा सारेको नाफा	६८,२९४,४६६	१२८,९४४,६३०	२०७,१८०,४८६

वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरू :

सि.नं.	विवरण	आधारहरु
१	व्यापारिक उत्पादन मिति	२०७९/०२/०१
२	विद्युत बिक्री बापत आम्दानी	ने.वि.प्रा.सँग भएको विद्युत खरिद बिक्री सम्झौताका बमोजिम १०.३ मे.वा. ५ वर्षसम्म र १.७ मे.वा. ८ वर्षसम्म ३ प्रतिशतको दरमा बृद्धि
३	प्रशासनिक खर्च (ब्याज र ह्रास बाहेक)	बिक्री आम्दानीको ५ प्रतिशत
४	रोयल्टी खर्च	प्रति वर्ष प्रति मेगावाट रु. १ लाख र कुल आम्दानीको २ प्रतिशत
५	आयोजना संचालन खर्च	बिक्री आम्दानीको ७ प्रतिशत
६	ब्याज खर्च	आयोजना निर्माणाधिन १२ प्रतिशत आयोजना संचालन पश्चात ९ प्रतिशत
७	ह्रास खर्च	SLM आधारमा २६ बर्षमा परिशोधन गरिएका
८	बोनस खर्च	आयोजना संचालन पश्चात् बार्षिक खुद नाफाको २ प्रतिशत
९	अन्य आम्दानी	ब्याज आम्दानी र लगानी गरे बापत प्राप्त हुने आय

प्रक्षेपित गरिएको वित्तीय विवरणहरुको गणनाको आधारहरु देहाय बमोजिम रहेको छ :

१) विद्युत बिक्रीबाट प्राप्त आय गणना गर्दा ने.वि.प्रा.सँग भएको विद्युत खरिद बिक्री सम्झौताको निर्धारित विद्युत शक्ति (deemed energy) उत्पादन गर्न शतप्रतिशत क्षमतामा चल्ने आधार लिई गरिएको छ ।
२) विद्युतको व्यापारीक उत्पादन ने.वि.प्रा.सँग भएको विद्युत खरिद बिक्री सम्झौता बमोजिम २०७९/०२/०१ गते भएकोले सो लाई आधार मानी बिक्री आम्दानी आ.व. २०७८/७९ जेष्ठ देखि प्रक्षेपण गरिएको छ ।
३) विद्युत बिक्री दर विद्युत खरिद बिक्री सम्झौताका बमोजिम १०.३ मे.वा. ५ वर्षसम्म र १.७ मे.वा. ८ वर्षसम्म ३% को दरमा बृद्धि गरिएको छ ।
४) प्रक्षेपित गरिएको आ.व.मा नेपाल सरकारलाई तिरिने रोयल्टी प्रति वर्ष प्रति मेगावाट रु.१ लाख र कुल आम्दानीको २% गणना गरिएको छ ।
५) आयोजना संचालन खर्च बिक्री आम्दानीको ७% ले गणना गरिएको छ ।
६) ब्याज खर्च आयोजना संचालन पश्चात् आ.व. २०७८/७९ जेष्ठ देखि ९% ले गणना गरिएको छ साथै ब्याज दर गणना गर्दा पूनकर्जा सुविधालाई पनि समावेश गरिएको छ ।
७) ह्रास खर्च SLM आधारमा २६ बर्षमा परिशोधन गरिएको छ ।
८) प्रशासनिक खर्च बिक्री आम्दानीको ५% ले गणना गरिएको छ ।
९) कम्पनीले आ.व. २०७८/७९ मा सर्वसाधारणको लागि छुट्याइएको शेयर निष्काशन गर्ने योजना रहेको छ ।
१०) कम्पनीले आ.व. २०७८/७९ बैशाख अन्त्य सम्म ऋण सम्झौता बमोजिम सम्पूर्ण कर्जा उपभोग गरी १ अर्ब ६२ करोड रहने छ ।
११) व्यापारिक तथा अन्य प्राप्त हुनु पर्ने रकम बिक्री आम्दानीको (जेष्ठ र आषाढ) २ महिनाको प्रक्षेपण गरिएको छ ।
१२) आ.व. २०७८/७९ देखि बोनस खर्च बार्षिक खुद नाफाको २ प्रतिशत गणना गरिएको छ ।
१३) आ.व. २०७८/७९ बैशाखसम्ममा प्रशासनिक खर्च बाहेकका आयोजना खर्चहरुलाई पूँजीकरण गरिएको छ ।
१४) कम्पनीले बैंकमा रहेको ब्याज आम्दानी गरे वापत प्राप्त हुने आयलाई अन्य आम्दानीको रुपमा गणना गरिएको छ ।
१५) प्रशासनिक खर्च र आयोजना संचालन खर्च प्रक्षेपित वर्षहरुमा ५% को दरले बृद्धि गरिएको छ ।

विगत तथा आगामी तीन बर्षको नेटवर्थ र औसत प्रतिफल

विवरण	वास्तविक आ.व.०७५/७६	आ.व.०७६/७७	आ.व.०७७/७८	प्रक्षेपित** आ.व.०७८/७९	आ.व.०७९/८०	आ.व.०८०/८१
चुक्ता पूँजी (रु.)	७५९,०६७,५००	७५९,०६७,५००	७५९,०६७,५००	१,०५४,२६०,४००	१,०५४,२६०,४००	१,०५४,२६०,४००
जगेडा कोष तथा संचित नाफा (रु.)	१५,७५५,७९६	१७,२८४,०८८	१८,१३३,३०६	५५,५१९,३६३	११६,१६९,५२७	१९४,४०५,३८३
जम्मा (नेटवर्थ) (रु.)	७७४,८२३,२९६	७७६,३५१,५८८	७७७,२००,८०६	१,१०९,७७९,७६३	१,१७०,४२९,९२७	१,२४८,६६५,७८३
शेयर संख्या	७,५९०,६७५	७,५९०,६७५	७,५९०,६७५	१०,५४२,६०४	१०,५४२,६०४	१०,५४२,६०४
खुद नाफा (रु.)	९,१३७,२२६	१,५२८,२९२	७२४,३२१	५०,२८६,०५६	६०,६५०,१६४	७८,२३५,८५६
प्रति शेयर नेटवर्थ	१०२.०८	१०२.२८	१०२.३९	१०५.२७	१११.०२	११८.४४
प्रति शेयर आम्दानी (EPS)	१.२०	०.२०	०.१०	४.७७	५.७५	७.४२
नेटवर्थमा औसत प्रतिफल (%)	१.१८	०.२०	०.०९	४.५३	५.१८	६.२७
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल : ०.०९%						

विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल : ०.४९%

**कम्पनीको वित्तीय प्रक्षेपण कम्पनी आफैंले गरेको हो । यी विवरणहरु औचित्यपुर्ण र यथार्थपरक रहेको प्रमाणित गर्ने विशेषज्ञमा श्री ए.एस.यू.एस. एशोशिएट्सका चार्टड एकाउण्टेण्ट श्री अरुण अर्याल रहनु भएको छ ।

१४. अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :** निर्माणाधिन रहेको दोर्दी १ जलविद्युत आयोजनाको लागि सानीमा बैंक लिमिडेको सह वित्तीयकरणमा रु.१ अर्ब ६२ करोड ४० लाख ऋण सम्झौता भएकोमा बैंक ब्याजदर बढ्न गई परियोजना लागत बढ्न जाने जोखिम रहेको तर संस्थापक शेयरधनीबाट सम्पूर्ण रकम चुक्ता भईसकेको तथा बैंकसँग रु.१ अर्ब ६२ करोड ४० लाख ऋण सम्झौता समेत भैसकेको अवस्थामा वित्तीय साधनको अभावबाट हुने जोखिम नरहेको ।
(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :** जलश्रोतको मुहानमा वातावरणमा अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने ।
(ग) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :** जोखिम नरहेको ।
यस परियोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भै सकेको हुनाले यस्तो जोखिम नहुने । नेपाल विद्युत प्रधिकरण पुर्णतय नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुँदा विद्युत बिक्रीबाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको छ ।
(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम :** हाल विश्वभर फैलिएको कोभिड-१९ को कारण भएको लकडाउनका कारण आयोजना निर्माणमा केहि ढिलो भएको कारण अन्य आयोजना सम्बन्धि खर्च यथावत भएता पनि कम्पनीको IDC केही बृद्धि भएको छ ।
(ङ) **विदेशी विनिमयको जोखिम :** हाल यस्तो जोखिम नरहेको ।
(च) **कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :** हाल कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पुर्ण इजाजत पत्रहरु प्राप्त गरि सकेकोले सो जोखिम नरहेको ।
(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :** अन्तर्राष्ट्रिय बजारमा आर्थिक तथा अन्य कुनै पनि किसिमको मन्दी नभएकोले यस्तो जोखम नरहेको ।
(ज) **सरकारी नीति तथा नियमहरूमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिमः** नेपाल सरकारले अंगीकार गरेको वर्तमान जलविद्युत नीतिमा प्रभाव पार्ने गरी कुनै निर्णय वा कानून लागू गरेमा कम्पनीको आयमा असर पर्न सक्नेछ ।
(झ) **सञ्चालन इतिहासको अभाव :** यस कम्पनीले आफ्नो कारोवार २०६७।०५।१८ गते देखि सञ्चालन गरेको हुँदा कम्पनीको कारोवारको सञ्चालनको इतिहास करिब १० वर्ष रहेको छ ।
(ञ) **प्रविधीको परिवर्तनबाट हुने सक्ने जोखिम :** जलविद्युत आयोजना निर्माणको लागि आवश्यक टर्वाइन, पेनस्टक, जेनेरेटर लगायतका विभिन्न उपकरणमा आउने परिवर्तन तथा नयाँ टेक्नोलोजीबाट विद्युत उपकरणहरु फेज आउट भएमा उत्पन्न हुन सक्ने जोखिमहरु ।
(ट) **अन्य :**
- प्राकृतिक प्रकोपको तथा काबु बहिरका परिस्थितिका कारणबाट विद्युत केन्द्रका संरचनाहरूमा क्षती पुग्न गएमा ।
- अप्रत्याशित रूपमा वातावरणमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्नेछ ।

सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनको धारणा :
नेपालमा उर्जा शक्तिको माग धैरै र आपुर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको व्यवस्थापनको धारणा रहेको छ । साथै उर्जा बिभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखीम रहेको धारणा व्यवस्थापनको रहेको छ ।

यस कम्पनी तथा आयोजनाको आवश्यक संरचना मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न निर्माणाधिन आयोजनाको निम्नानुसारका बिमा गरिएको छ ।

सि.नं.	बिमाको प्रकार	बिमा कम्पनीको नाम	बिमांक रकम (रु.)	बिमा अवधि	बिमा शुल्क (रु.)
१	Tunnel Works	हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लि.	५९६,०७१,१३२।००	मार्च १८, २०२२ देखि सेप्टेम्बर १३, २०२२	८५९,७६३।२८
२	Civil Works	हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लि.	४९२,८७८,२९४।००	अप्रिल ५, २०२२ देखि अक्टोबर ०४, २०२२	८४४,१६०।२३
३	Hydro-Mechanical Works	प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लि.	१४३,१३९,४९४।६९	फेब्रुअरी १३, २०२२ देखि अगस्ट १२, २०२२	१८६,००९।३०
४	Transmission Line Works	आइ.एम.ई. जनरल इन्स्योरेन्स लि.	५६,३९०,०००।००	नोभेम्बर ११, २०२१ देखि नोभेम्बर १२, २०२२	२८६,७४३।१५
५	Electro-Mechanical Works	सानिमा जनरल इन्स्योरेन्स लि.	२८३,४६०,४९५।३०	अप्रिल २१, २०२२ देखि अक्टोबर २०, २०२२	३६०,१३१।९६
६	Electro-Mechanical Communication System	सानिमा जनरल इन्स्योरेन्स लि.	६,४७३,८५६।००	अप्रिल ०६, २०२२ देखि अक्टोबर ०५, २०२२	३३,८५८।६०

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम : रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

१५. सकारात्मक पक्षहरु :

- आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष (२०८८ सालसम्म) आयकर छुट प्राप्त भएको हुँदा लाभांशको दर बढी रहेको ।
- यस जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बिमा गरिएको ।
- कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।
- जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

१६. प्रत्याभूति सम्बन्धी विवरणः

धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकमः
प्रत्याभुत गरिएको कित्ताः २९,५१,९२९ कित्ता
प्रत्याभुत गरिएको रकमः रु.२९,५१,९२,९००/-
धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगानाः सानिमा क्यापिटल लिमिटेड, पुतलीसडक, काठमाडौं । प्रत्याभूति सम्झौता बहाल रहने मिति २०७९/०२/१९

१७. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

(क) **अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :**
आयोजना प्रभावित क्षेत्रका स्थानीयहरुः आयोजना प्रभावित क्षेत्र लमजुङ जिल्लाका स्थानीयहरुको लागि छुट्याइएको जारी पूँजीको १० प्रतिशतले हुन आउने १०,५४,२६० कित्ता शेयरका लागि स्थानीय बासिन्दाहरुबाट अत्यधिक माग भई आएको अवस्थामा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिकामा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ । कम्पनीले स्थानीय बासिन्दाहरुलाई खरिद गर्न आव्हान गरेको धितोपत्र पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा वा न्यून माग भएमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा (४) को उपनियम (३) मा भएको व्यवस्था बमोजिम उक्त बाँकी रहेको शेयरहरु सर्वसाधारणहरुमा निष्काशन गरिने धितोपत्रमा थप गरी निष्काशन गरिने छ ।
सर्वसाधारण शेयरधनीहरु : यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर खरिदका लागि आवेदनकर्ताहरुबाट अत्यधिक माग भई आएको अवस्थामा प्राप्त भएका आवेदनहरुलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ निर्देशिकामा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ । त्यसैगरी निष्काशन गरिएको अवधि भरमा समेत सर्वसाधारणहरुबाट न्यून माग भई आएको अवस्थामा बाँकी रहेको शेयर प्रत्याभूतिकर्ताबाट प्रत्याभूति सम्झौतामा उल्लेख भएको शर्त बमोजिम खरिद हुनेछ ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :** सर्वसाधारणलाई जारी गरिने शेयर वापतको आवेदन लिने कार्य धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) मा भएको व्यवस्था बमोजिम सहभागि बैंकबाट हुनेछ । उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँड गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँड भएको शेयर वापतको रकम मात्र माग गरी बाँकी रकम सोही खातामा रोक्का कानुन बमोजिम सहभागि बैंकबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईने छ ।
आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको लागि जारी गरिने शेयर आवेदनका लागि शेयर बिक्री बन्द भएको मितिले वोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयर बाँडफाँड पत्र र रकम फिर्ता भुक्तानी पूर्जा दिइनेछ ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :** "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" ले निर्धारित गरेको समय भित्र शेयरको बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा सर्वसाधारणलाई जारी गरिने शेयरको हकमा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएको, जसअनुसार आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको ।

(घ) **धितोपत्रको बाँडफाँड तथा प्रमाण पत्र जारी सम्बन्धी प्रकृया र समयावधी :** सर्वसाधारणमा निष्कासन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा व्यवस्था भए अनुसार बाँडफाँड गरी सूचिकरण भए पश्चात् "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिने छ, तथा उद्योग प्रभावित क्षेत्रका वासिन्दाहरुको लागि जारी गरिने शेयरको हकमा निष्कासन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्कासन तथा बाँडफाँड निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमा तोकिएको समयावधि भित्र हितग्राही खाता उल्लेख नभएको हकमा शेयर प्रमाणपत्र वितरण गरिनेछ तथा हितग्राही खाता उल्लेख भएको हकमा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा धितोपत्र दर्ता गराई आवेदकहरुको हितग्राही खातामा बाँडफाँड भएको शेयर जम्मा गरिने व्यवस्था मिलाइनेछ ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :** सो नभएको ।

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्कासन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरिद र बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरी दोस्रो बजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्ज सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई कारोवार हुने व्यवस्था मिलाइनेछ ।

१८. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर, सम्बन्धित व्यवसायीको नाम खुलाउनु पर्ने र बैंक खाता मार्फत कारोबार गरिनु पर्ने जस्ता पक्षहरु :

लमजुङ्ग जिल्लाको दोर्दी गाउँपालिकाका (साविकको भारते, अर्चलवोट, श्रीभञ्ज्याङ, नौथर, पाचोक, ढोडेनी, फलेनी, बन्सार र हिलेटक्सार (१-८) गा.वि.स.) स्थानीय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

१. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी उद्योग प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ ।
२. १६ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नु पर्नेछ ।
३. १६ वर्ष भन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।
४. विवाह भै आएका महिलाका हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनु पर्नेछ ।
५. बसाईंसराई गरि आएको हकमा आह्वानपत्र प्रकाशित हुनु भन्दा अगावै बसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनुपर्नेछ ।
६. माथि उल्लेखित हुन छुटेका वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धित गा.वि.स.को सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला विकास समितिको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र वा कम्पनीको निर्णय बमोजिम हुनेछ ।
७. १६ बर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी लमजुङ्ग जिल्लाको दोर्दी गाउँपालिका छोडी अन्य जिल्ला गएका महिला एवं लमजुङ्ग जिल्लाको दोर्दी गाउँपालिका छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।
८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।
९. धितोपत्र खरिद गर्नका लागि दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागि दरखास्त बुझाउनु पर्नेछ ।
१०. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुलनुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।
११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।
१२. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ ।
१३. उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन् ।
१४. सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।
१५. रु.५०,०००/- भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।
१६. रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फारममा खुलाउनु पर्नेछ ।
१७. दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फारम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तवालाले आफ्नै खाताको एकाउण्ट पेयी चेक बुझाउनु पर्नेछ ।
१८. हितग्राही खाता खोलि सकेको आवेदकको हकमा हितग्राही खाता नं. उल्लेख गर्नुपर्नेछ ।
१९. साथै नेपाल धितोपत्र बोर्डबाट मिति २०७५/१०/०७ को निर्देशन बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानियवासीहरुले ऐच्छिक रुपमा आस्वा प्रणाली मार्फत आवेदन दिन सक्नेछ ।

१९. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सोभन्दा माथि लिने भएमा कुन गुणांकमा लिन सक्ने हो सो सम्बन्धी विवरण:

१. कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ११, त्रिपुरेश्वर तथा यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री सिद्धार्थ क्यापिटल लि., काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी कम्पनीको प्रबन्धपत्र तथा नियमावली प्राप्त गर्न वा हेर्न सकिनेछ ।
२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिंदा आयोजना प्रभावित क्षेत्रका दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१०/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ । आयोजना प्रभावित क्षेत्र वाहेकका सर्वसाधरण दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- का दरले C-ASBA प्रणाली मार्फत आवेदन दिन सक्नेछन् ।
३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० कित्ता भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा उद्योग प्रभावित क्षेत्रका आवेदकहरुको हकमा अधिकतम १०,००,००० कित्ता सम्म साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ ।

२०. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

धितोपत्र निष्काशनबाट प्राप्त रकम देहाय बमोजिमका कार्यका लागि खर्च गरिनेछः

विवरण	रकम (रु.)
१. दोर्दी १ जलविद्युत आयोजनाको सिभिल, हाइड्रोमेकानिकल, इलेक्ट्रोमेकानिकल तथा ट्रान्समिसन लाईन निर्माण कार्य	२९५,१९२,९००/-
जम्मा	२९५,१९२,९००/-

२१. विवरणपत्र, दरखास्त फारम पाइने र दरखास्त साथ रकम बुझाउने स्थानहरु :

विवरणपत्र पाइने स्थानहरुः	
१.	सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ । वेभसाइट www.siddharthacapital.com
२.	दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड, त्रिपुरेश्वर, काठमाण्डौ । वेभसाइट www.dordikhola.com.np

वा नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्कासनको लागि स्वीकृत विवरणपत्र हेर्न सक्नु हुनेछ ।

दरखास्त फारम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :
स्थानीय बासिन्दाहरुको निष्कासन तथा बिक्री खुल्ला गरिदा निम्नानुसारका संकलन केन्द्रहरुबाट दरखास्त बुझिलिने व्यवस्था मिलाइएको ब्यहोरा अनुरोध छ ।

क्र.सं.	संकलन केन्द्रहरुको नाम, ठेगाना	सम्पर्क व्यक्ति	सम्पर्क नं.
१.	सिद्धार्थ बैंक लिमिटेड, बेसीशहर शाखा, लमजुङ्ग	रुद्र प्रसाद पोखरेल	०६६-५२१३७०
२.	ग्लोबल आइएमई बैंक लिमिटेड, सेराबजार, दोर्दी शाखा	हिरा कुमार मोक्तान	९८४१३४२१७०
३.	कामना सेवा विकास बैंक लिमिटेड, बेसीशहर शाखा, लमजुङ्ग	कृष्ण बहादुर चापागाई	०६६-५२०३३१
४.	मुक्तिनाथ विकास बैंक लिमिटेड, बेसीशहर शाखा, लमजुङ्ग	अमृता पौडेल	९८०२३०६८७१
५.	एनएमबि बैंक लिमिटेड, बेसीशहर शाखा, लमजुङ्ग	सागर पैड्याल	०६६-५२०४४०

माथि उल्लेखित संकलन केन्द्रहरुको अलावा नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट आस्वा (ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

आयोजना प्रभावित क्षेत्र आयोजना प्रभावित क्षेत्र अर्थात लमजुङ्ग जिल्लाको दोर्दी गाउँपालिकाका बासिन्दाले शेयर खरिद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम वापत रु.२/- (दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ । दरखास्त फारम तोकिएको संकलन केन्द्रहरुबाट वा सिद्धार्थ क्यापिटल लिमिटेडको वेवसाइट www.siddharthacapital.com र दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड लिमिटेडको वेवसाइट www.dordikhola.com.np बाट डाउनलोड गरेर पनि प्राप्त गर्न सकिनेछ । साथै भौगोलिक जटिलता, मौसमी प्रतिकुलता, प्रकृतिक प्रकोप जस्ता कारणबाट विस्थापित हुने अवस्था सृजना भएका वा पेशा व्यवसायका कारण वा अन्य कुनै कारणबाट परियोजना प्रभावित क्षेत्रको संकलन केन्द्रमा मात्र दरखास्त दिन सहज नहुने विशेष परिस्थितिमा नेपाल धितोपत्र बोर्डको स्वीकृती लिई सिमित अवधिका लागि अन्य स्थानमा आवश्यकता अनुसार संकलन केन्द्र तोक्न वा थप गर्न सकिनेछ ।

२२. निष्कासन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्कासनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

सि.नं.	निष्कासन बैंकको नाम	खाता नं.
१.	श्री सिद्धार्थ बैंक लिमिटेड ।	००११७५४६०९४
२.	श्री मुक्तिनाथ विकास बैंक लिमिटेड	०१३१०२००३६५५२९००००२०
३.	श्री कामना सेवा विकास बैंक लिमिटेड	०४१००३००४३१५२१००००01
४.	श्री ग्लोबल आइएमई बैंक लिमिटेड	D०१०१०००३४३८
५.	श्री एनएमबि बैंक लिमिटेड	९९००१४३४३५२०००३१

साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

२३. धितोपत्र बिक्री खुल्ला अवधि :

यस विवरणपत्र मार्फत प्रथम चरणमा उद्योग प्रभावित क्षेत्रका वासिन्दाहरुमा निष्काशन गरिने साधारण शेयरको लागि आवेदन दिने बिक्री खुल्ला भएको मितिबाट कम्तीमा १५ दिन र बढिमा ३० दिनसम्म खुल्ला रहनेछ । उक्त अवधिमा उद्योग प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि निष्काशन गरेको शेयर पुरा बिक्री नभएमा उक्त बिक्री नभएको शेयर समेत थप गरी दोस्रो चरणमा सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्यदिनको लागि खुल्ला गरिनेछ । सो अवधि भित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थागत लगानीकर्ताले समेत आवेदन गर्न पाउने गरी दोस्रो चरणको दरखास्त खुल्ला भएको मितिले वढीमा १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ । आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर ४ (चार) कार्य दिन भन्दा अगाडी शेयर खरिदको लागि आवेदन लिने कार्य बन्द गरिने छैन ।

२४. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहाएको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्ने छन्ः
गुनासो सुन्ने अधिकारीको नामः रिकेश श्रेष्ठ, इमेलः rikesh@siddharthacapital.com, फोन नं.०१-४४२०९२४


दरखास्त फारमको नमूना

दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड
Dordi Khola Jal Bidyut Company Limited

साधारण शेयर खरिद दरखास्त फारम

श्री संचालक समिति,
दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड
त्रिपुरेश्वर, काठमाडौं, नेपाल ।
महाशय,

Sources of Fund (For Rs. 0.5 million and above as per Directive issued by SEBON)

यो रसिद हराई अकलि भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

रसिद
दरखास्तवालाले भर्नुपर्ने

Applicant's Name	
Company's Name	Dordi Khola Jal Bidyut Company Limited
No. of Shares Applied	Call Money per Share Rs.100 Amount Deposited (Rs.)
Amount in Words	

For Official Use Only:
Received by:
Date:
Stamp

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः

Siddhartha Capital Limited
Investing happiness

सिद्धार्थ क्यापिटल लिमिटेड
पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं
फोनः ४४२०९२४/४४२०९२५, फ्याक्सः ४४२०९२९
वेबसाईटः www.siddharthacapital.com
इमेलः scl@siddharthacapital.com